# वेदकोट नगरपालिका

**सिसैया, कंचनपुर**

**सुदूरपश्चिम प्रदेश**

# आर्थिक वर्ष २०८३।०८४ को बजेट वक्तब्य

**नगर सभाका १९ औ अधिवेशनका श्रद्धेय सभाध्यक्षज्यू,**
**नगरसभाका सचिवज्यु,,**
**नगरसभाका सम्पुर्ण सदस्यज्यूहरु,**

यस नगरपालिकाको नगर सभाको १९ औ अधिवेशनमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर पाएकोमा गौरव महसुस गर्दै सभाध्यक्षज्यू मार्फत यस गरिमामय सभाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि भएका विभिन्न जनआन्दोलन, राजनीतिक क्रान्ति एवं संघर्षमा जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै जनआन्दोलनका क्रममा घाइते र वेपत्ता नागरिकहरुप्रति सम्मान तथा सहानुभुति प्रकट गर्दै यस देशको समग्र आर्थिक, राजनितिक एबम् सामाजिक परिवर्तनका लागि युगान्तकारी नेतृत्वदायि भूमिका निर्वाह गर्ने सवै राजनीतिक शिखर व्यक्तित्वहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

**अध्यक्ष महोदय,**

नेपालको संविधानको धारा ५६(१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र उपधारा (२) मा नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यसै संविधान तथा कानूनले तोके बमोजिम गर्ने, धारा ५७ को उपधारा ४ मा स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग यो संविधान र नगर सभाले बनाएको कानून बमोजिम हुने व्यवस्था रहेको छ । उल्लेखित संवैधानिक व्यवस्थाको अतिरिक्त स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयारी गर्दा

विगतको अनुभवहरुलाई समेत मध्यनजर गर्दै आगामी वर्षको लागि उपलब्ध बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकिकरण र बजेट/कार्यक्रमको प्रस्तावलाई विषयक्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गर्नुपर्ने र दफा ७१ मा आगामी आर्थिक वर्षको राजश्व र ब्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ ।

यस नगरपालिकाको आगामी आ.ब. २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा माथि उल्लिखित संवैधानिक एवं कानूनी व्यवस्थाको अतिरिक्त नेपालको संविधानमा निर्दिष्ट गरिएको राज्यका निर्देशक सिद्धान्त, दिगो विकास लक्ष्य, नेपाल सरकारको आवधिक योजना, नेपाल सरकार र सुदूरपश्चिम सरकारको आगामी आ.व. को वार्षिक नीति, कार्यक्रम तथा बजेट र वेदकोट नगरपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका मार्गदर्शनलाई मुल आधार मानी तयार गरिएको छ।

संघीय सरकार र प्रदेश सरकारबाट यस नगरपालिकालाई आगामी आ.व. को लागि वजेट सीमा र मार्गदर्शन उपलब्ध गराइएको व्यहोरा समेत जानकारी गराउदछु । नगर उप-प्रमुखको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दर र दायरा सहित आगामी आर्थिक वर्षका लागि आन्तरिक आयको प्रक्षेपण गरिएको छ । नगर प्रमुखज्युको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिले आन्तरिक आय प्रक्षेपण तथा संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट सिमाको दायराभित्र रही आगामी आर्थिक वर्षका लागि कूल वजेट सिमा निर्धारण गरिएको छ। नगरकार्यपालिकामा बजेट निर्माणका लागि विभिन्न विषयगत समितिहरू तथा विषयगत समूहहरूमा छलफल गरिएको छ । वडा स्तरबाट प्राथमिकीकरण गरि पठाइएका योजनाहरूलाई कार्यपालिका समक्ष प्रस्तावको रुपमा पेश भई स्वीकृत भईसकेको छ। वडागत वजेट सिमा निर्धारण गर्दा प्रत्येक वडाको भूगोल, राजस्व क्षमता र जनसंख्यालाई आधार मानी रकम विनियोजन गरिएको छ ।

**सभाध्यक्षज्यु,**

**अब म आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- नगरपालिकाभित्र विकासका दिगो आधारहरु तयार गरी नागरिकको जीवनस्तरमा सुधार ल्याउदै गरिबी न्यूनीकरण गर्ने,
- दिगो विकासका लक्ष्य पुरा गर्न सहयोग पुर्याउने कार्यक्रमहरु छनौटमा प्राथमिकता दिने,
- मध्यमकालिन खर्च संरचनालाई आधार मानी बजेट तथा कार्यक्रम बिनियोजन गर्ने ।
- आर्थिक, भौतिक तथा सामाजिक संरचनामा गुणात्मक सुधार गर्दै नगरको समृद्धि हासिल गर्न सहयोग पुर्‍याउने,
- उपलब्ध श्रोत साधन, अवसर र दक्षताको उच्चतम् उपयोग र न्यायिक वितरण गर्ने,
- गुणस्तरीय शिक्षामा नगरवासीहरुको पहुँचमा सुनिश्चितता प्रदान गर्ने,
- सर्वसुलभ तथा गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने,
- कृषि तथा पशु क्षेत्रको विकास, विविधिकरण र व्यावसायिकरण गर्दै उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्ने,
- विदेशबाट फर्किएका युवाहरुलाई स्थानीय रोजगारी र आयआर्जनको व्यवस्था मिलाइने।

**बजेटका उद्देश्यहरु हासिल गर्नका लागि आगामी आ.व. २०८३।०८४ का प्राथमिकता देहाय बमोजिम निर्धारण गरिएको छ ।**

- उत्थानशील अर्थतन्त्र विकास र रोजगारी सिर्जना गर्नका लागि कृषिक्षेत्रमा आधुनिकीकरण र व्यवसायिक पशुपालनमा जोड दिने,
- सुरक्षित र दिगो सडक पूर्वाधार निर्माण र स्तरोन्नति गर्ने, व्यवस्थित आवास र भवन निर्माण गर्ने, निर्माणाधिन ठुला भौतिक पूर्वाधार तथा नगर गौरवका पूर्वाधारहरु समयमै सम्पन्न गर्ने,
- गुणस्तरीय र सहज पहुँचयोग्य स्वास्थ्य सेवा वितरणलाई सुनिश्चित गर्ने.
- शैक्षिक गुणस्तर सुधार, सिकाई उत्प्रेरणा जगाउने, बालमैत्री नगर बनाउने,
- शिक्षा, स्वास्थ्य, खेलकुद, कृषि, पशु, बन, वातावरण तथा सहकारी क्षेत्रको विकास गर्ने,
- शान्ति, सुरक्षा एवं अपराधमुक्त समाजको विकास गर्ने,
- पर्यटन क्षेत्रको संरक्षण, सम्वर्धन एबं पर्यटन पूर्वाधारको विकास गर्ने,
- लैंगिक समानता र सामाजिक समावेशीकरणका कार्यक्रमहरुलाई नगर विकासमा मूल प्रवाहीकरण गर्ने,

- जैविक विविधता संरक्षण गर्दै वातावरणीय सन्तुलन कायम गर्ने र विपद् जोखिम न्यूनिकरण गर्ने,
- संस्थागत सुदृढीकरण र सुशासन कायम गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।
- स्थानीय विवादहरुलाई वडास्तरबाटै व्यवस्थापन गर्न वडाहरुमा स्थापना गरिएका मेलमिलाप केन्द्रहरुलाई प्रभावकारी रुपमा संचालन गरी न्यायिक समितिलाई थप सबल र सक्षम बनाउने ।

**अध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्ष २०८२/०८३ को हालसम्मको यथार्थ आय व्यय विवरण पेश गर्ने अनुमति चाहन्छु । चालु आर्थिक वर्षमा यस नगरपालिकाको सबै शिर्षक गरेर गत वर्षको मौज्दात सहित कूल वार्षिक बजेट रू. ७९ करोड ३ लाख २१ हजार मध्ये चालु तर्फ रु. ५० करोड ७९ लाख २४ हजार र पुँजिगत तर्फ २८ करोड २३ लाख ९७ हजार विनियोजन भएकोमा जेष्ठ मसान्तसम्म चालु तर्फ खर्च रु. ३७ करोड ७७ लाख ७७ हजार र पुँजिगत तर्फ रु. ७ करोड ७६ लाख २५ हजार खर्च भएको व्यहोरा अवगत गराउन चाहन्छु।

चालु आर्थिक वर्ष २०८२/०८३ को लागि संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान अन्तर्गत अनुमानित कुल आय रु. १४ करोड ४६ लाख भएकोमा वास्तविक आय रु. १३ करोड २२ लाख ३६ हजार ७ सय मात्र प्राप्त भएको, राजश्व बाँडफाँडबाट रु.१३ करोड ५ लाख १९ हजार ७७ रुपैया प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रु. ११ करोड १५ लाख ३७ हजार मात्र प्राप्त भएको, प्रदेश सरकारवाट अनुमानित वित्तिय समानीकरण अनुदान रु. १ करोड ३८ लाख २५ हजार भएकोमा रु. १ करोड २६ लाख ४२ हजार रकम प्राप्त भएको । चालु आ.ब.मा संघीय सरकार र प्रदेश सरकार मार्फत प्राप्त हुने समानीकरण र राजश्व बाडफाँड वापत प्राप्त हुने अनुमान गरिएको कुल अनुदान रकम भन्दा रु. ३ करोड १९ लाख ४४ हजार घटी प्राप्त भएको । जसको कारणले चालु आ.ब. मा खर्चको अनुपात घट्न गई केही निर्धारित योजना तथा कार्यक्रमहरु संचालन गर्न नसकिएको व्यहोरा यो गरिमामय सभा समक्ष अनुरोध गर्दछु ।

**अध्यक्ष महोदय,**

अव म यस गरिमामय नगरसभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि अनुमानित आय व्यय (बजेट) पेश गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको लागि अनुमानित कूल बजेट **रू.१ अर्ब ३ करोड ५६ लाख ३६ हजार ६७ रुपैया मात्र** हुने अनुमान गरिएको छ । जस मध्ये संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान अन्तर्गत प्राप्त रु. १४ करोड ६७ लाख , राजश्व बाँडफाडबाट रु.१३ करोड ५५ लाख, संघीय सरकारबाट प्राप्त सशर्त अनुदान चालु तर्फ कूल रु. २५ करोड ९९ लाख र सशर्त पूँजीगत तर्फ रु. ६७ लाख, संघीय बिशेष अनुदान अन्तर्गत प्राप्त रु.२ करोड ५० लाख, संघीय समपुरक अनुदान रु. २ करोड ५९ लाख, प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरण अनुदान रु. १ करोड ४१ लाख ३५ हजार, प्रदेश बिशेष अनुदानमा मा रु. ४६ लाख र समपुरक अनुदान अन्तर्गत प्राप्त रु. ४८ लाख ८ हजार, सवारी साधन कर बाँडफाँड शिर्षकमा प्राप्त रु. ६३ लाख ३६ हजार, प्रदेश सशर्त अनुदानमा रु. १ करोड ७० लाख, घरजग्गा रजिष्ट्रेशन दस्तुर अन्तर्गत रु. १ करोड ५० लाख, आगामी आ.व.को लागी प्रक्षेपित आन्तरिक आयश्रोत तर्फ रु. ५ करोड ९० लाख ५७ हजार ६७ रुपैया , चालु आ.व.वाट खर्च नभई बाँकी रहन सक्ने अनुमानित रकम रु. १० करोड ५० लाख, सामाजिक सुरक्षा तथा संरक्षणतर्फ प्राप्त रकम रु. २१ करोड, आय अनुमान गरिएको छ ।

आगामी आर्थिक वर्षका लागि चालू खर्च तर्फ कूल ७४ करोड ४९ लाख विनियोजनको प्रस्ताव गरिएको छ र कूल पूँजीगत खर्च रू. २९ करोड ७ लाख ३६ हजार ६७ रुपैया प्रस्ताव गरिएको छ । स्थानीय तहहरूको कार्यान्वयन पश्चात जनताहरूमा धेरै अपेक्षाहरू बढेर आएका छन् । वस्ती बस्तीमा स्थानीय तहको अनुभूति पुर्‍याउनु छ । त्यसैले आगामी आर्थिक वर्षका लागि हरेक वडाहरू समानुपातिक बिकासका लागि आबश्यक श्रोत सुनिश्चितता गरी सोही वडा अन्तर्गतबाट जनताहरूले प्रस्ताव गरी पठाइएका आयोजना तथा कार्यक्रमहरूलाई छनौट गरिएको छ । वडा स्तरबाट प्राथमिकीकरण भई आएका आयोजनाहरूमा कूल बजेट रु.५ करोड ५४ लाख ४० हजार विनियोजन गरिएको छ । प्रत्येक वडा स्तरबाट सिफारिस भई आएका योजनाहरूको विवरण वार्षिक नगरसभा पुस्तिकामा उल्लेख गरिनेछ ।

**अध्यक्ष महोदय,**

यस नगर क्षेत्रमा भरपर्दो र गुणस्तरीय स्वास्थ्य सेवाको अभाव रहेको समस्यालाई मध्यनजर गर्दै गुणस्तरीय स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा संचालन गर्नका लागि नगर अस्पतालको निर्माण कार्यको ठेक्का भइ निर्माणको क्रममा रहेको व्यहोरा अवगत गराउदै आगामी आ.व.मा समेत नगर अस्पताल निर्माण लागि आवश्यक थप वजेटको व्यवस्थाका लागि प्रदेश सरकार मार्फत संघीय सरकारलाइ अनुरोध गरिने छ ।

समुन्नत एवं समृद्ध नगर निर्माणको लागी जनतासँग प्रत्यक्ष रुपमा जोडिएका स्वास्थ्य, शिक्षा, पशु, कृषि, वन एवं महिला विकास जस्ता बिषयगत शाखा तथा वडा कार्यालयहरुलाई देहाय बमोजिमको बजेट विनियोजन गरिएको छ ।

<u>विषयगत शाखातर्फ</u>

| सि.नं. | शाखाको नाम | बजेट रु. |
|---|---|---|
| १ | शिक्षा शाखा | १७ लाख ४ हजार |
| २ | स्वास्थ्य शाखा | ४० लाख ६८ हजार |
| ३ | कृषि शाखा | ४६ लाख १८ हजार |
| ४ | पशु सेवा शाखा | २५ लाख ५० हजार |
| ५ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | १३ लाख |
| ६ | सूचना प्रविधि शाखा | १ लाख |
| ७ | उद्योग विकास शाखा | २ लाख |
| ८ | सहकारी शाखा | २ लाख |
| ९ | वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा | १ लाख |
| १० | राजश्व शाखा | १ लाख ६० हजार |
| जम्मा | | १ करोड ५० लाख मात्र |

<u>वडा कार्यालयतर्फ</u>

| सि.नं. | वडाको नाम | बजेट रु. |
|---|---|---|
| १ | वडा नं १ | ५३ लाख ९६ हजार |
| २ | वडा नं २ | ५३ लाख ६७ हजार |
| ३ | वडा नं ३ | ५७ लाख १ हजार |

| | | |
|---|---|---|
| ४ | वडा नं ४ | ५६ लाख ११ हजार |
| ५ | वडा नं ५ | ५४ लाख ७३ हजार |
| ६ | वडा नं ६ | ५५ लाख ५८ हजार |
| ७ | वडा नं ७ | ५८ लाख ३६ हजार |
| ८ | वडा नं ८ | ५३ लाख ६९ हजार |
| ९ | वडा नं ९ | ५४ लाख ६७ हजार |
| १० | वडा नं १० | ५६ लाख ६२ हजार |
| जम्मा | | ५ करोड ५४ लाख ४० हजार मात्र |

- माटो स्वास्थ्य सुधार कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- उन्नत विउ बितरणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- शित भन्डार निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरि बहुवर्षिय ठेक्का गर्ने गरी व्यवस्था गरिएको छ ।
- वेदकोट नगरपालिकाको चक्रपथ निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- पुरानो हुलाकी सडक साविक दैजी खण्ड निर्माण कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- नगरपालिकाका विभिन्न विद्यालयहरुमा खानेपानी, सरसफाइ तथा शौचालय निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- विभिन्न स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य सामाग्री तथा उपकरण खरिदका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकासका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- नगरका विभिन्न अधुरा खानेपानी योजना संचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- यस नगरपालिकाका विभिन्न खोला नालाहरुमा तटबन्ध निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- आलु पकेट विकास कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

- प्रत्येक वडामा स्थापना भएका मेलमिलापकर्ताहरुलाई विवाद समाधान गरेवापत यातायात खर्चका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ उद्यमी सिर्जनाका लागी तथा पुराना उद्यमीको स्तरउन्नतिका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत रोजगारी सिर्जना तथा न्युनतम रोजगारी प्रत्याभुतका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- पोषण मैत्री स्थानीय शासन प्रवर्द्धनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- महामारी रोग नियन्त्रण तथा उपचारात्मक सेवा कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- १० नं वडा कार्यालय पुर्वाधार निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- भेडा, बाख्रा, च्यांग्राको पकेट विकास कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- धान तथा गहु बाली विकास कार्यक्रमलाई निरन्तरताका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- सुरक्षित आवास कार्यक्रम अन्तर्गत आवास बिस्तारका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ।
- बातावरण मैत्री गोठ/खोर निर्माण तथा सुधारका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- रैथाने पशुपंक्षी पालन प्रवर्द्धनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- आयुर्वेद सेवा कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- जेष्ठ नागरिक दिवा सेवा केन्द्र संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- आँखा सेवा केन्द्र स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

**अध्यक्ष महोदय,**

चालू तथा पूँजीगत तर्फका सबै खर्च शीर्षकका विस्तृत विवरणहरू यसै बजेट वक्तव्यसाथ अनुसूचीमा संलग्न राखी सबै सदस्य महानुभावहरूलाई उपलब्ध गराईएको छ । विस्तृत विवरण अनुसूचीहरूमा राखिएको व्यहोरा समेत सादर निवेदन गर्दछु । शिर्षकगत बजेट बाँडफाँड यसैसाथ संलग्न गरिएको छ । यस शीर्षक अन्तर्गतको बजेट सशर्त अनुदानतर्फको भएको र सो सम्बन्धी प्रस्तावित कार्यक्रम संघीय सरकारवाट प्राप्त हुन आएकोले सोही प्रस्तावलाई कुनै हेरफेर नगरी यस नगर सभा समक्ष पेश गरिएको छ ।

**अध्यक्ष महोदय,**

प्रस्तावित योजना तथा कार्यक्रमहरूको सफलता यसको प्रभावकारी कार्यान्वयमा भर पर्दछ । तसर्थ, प्रस्तावित योजना तथा कार्यक्रमहरूको प्रभावकारी तथा व्यवस्थित कार्यान्वयनमा यस नगरपालिका अन्तर्गतका सम्पूर्ण राजनीतिक दल, निर्वाचित जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, स्थानीय वुद्धिजिवी, नगरबासी सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरूको उल्लेख्य सहयोग रहनेछ भन्ने अपेक्षा लिएको छु ।

अन्तमा,

बजेट तर्जूमाको दौरान अमूल्य सहयोग गर्नुहुने सम्पूर्ण नगरबासीहरू, जनप्रतिनिधिज्युहरु, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिहरूका सदस्यज्यूहरू, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरू, नगर कार्यपालिकाका सबै सदस्यज्यूहरू साथै बजेट तर्जूमाका दौरान प्राविधिक तथा अन्य व्यवस्थापकीय सहयोग पुर्याउनु हुने सम्पुर्ण कर्मचारीहरु तथा वडा कार्यालयका सचिवहरू लगायत महत्वपूर्ण मार्गदर्शनका लागि श्रद्धेय नगर प्रमुखज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद ।

**<u>प्रस्तुतकर्ताः</u>**

तुलसी जोशी

नगर उप-प्रमुख

मितिः २०८३।०३।१०